# NEWDOOR क्यारियर  (सिन्गाकु) अर्थात् उच्च शिक्षाको लागि अग्रिम तयारी कार्यक्रम
# —उच्च शिक्षा संस्थामा परीक्षाको लागि समर्थन लाभहरूको साथ क्यारियर कार्यक्रम—
# रूपरेखा

glolab ले जानकारी सङ्कलन गर्ने क्षमता र Money literacy/ पैसा साक्षरता बढाउन र स्वायत्त आत्म-सक्षम गर्न सकिने गरी, एक वर्षको क्यारियर  कार्यक्रम प्रदान गर्दछ। यसको साथै, हामीले उच्च शिक्षा संस्थामा परीक्षा दिने बेलामा लाग्ने आवश्यक खर्चहरू प्रदान गर्ने,  एक परियोजना स्थापना गरेका छौं। यसको लागि लक्षित वर्ग, उच्च शिक्षा संस्थाहरूमा परीक्षा दिनको लागि आर्थिक रूपमा कठिन अवस्थामा रहेको  डिपेन्डेन्ट (खाजोकु ताईजाइ) भिसामा रहेका विद्यार्थीहरू र आधिकारिक बसोबास योग्यता (कोउयोउ जाइर्यु सिखाकु) भएका तर हाई स्कूल दोस्रो वर्षका 5 जना विद्यार्थीहरू  (अप्रिल, 2022 साल अनुसार) हुन्। यस किसिमको बसोबास योग्यता (जाइर्यु सिखाकु)  भएका विद्यार्थीहरूसँग उच्च शिक्षा संस्थाबाट पाउन सकिने छात्रवृत्तिको लागि सीमित अवसरहरू मात्र छन्। वास्तविकता यो हो कि, यसलाई पार गर्नुपर्ने समस्याका पर्खालहरू धेरै छन् । glolab ले विदेशी रुट भएका हाई स्कूलका विद्यार्थीहरूको लागि अगाडी आइपर्ने  विभिन्न समस्याहरूको सामना गर्न सक्ने गरी, विभिन्न अवरोधका  पर्खालहरू पार गराउने, र उनीहरूको आत्मा निर्भर जीवनको लागि मार्ग निर्देशन गर्ने जस्ता समर्थन गरिन्छ।

यो कार्यक्रम आफ्नो भविष्यको आत्म निर्भरताको लागि उच्च शिक्षा संस्थाहरूमा जाने र परीक्षा दिने लक्ष्य राखेका उत्साहित विदेशी रुट भएका हाई स्कूलका  विद्यार्थीहरूलाई समर्थन गर्ने परियोजना हो।

**【लक्षित 】**

・ डिपेन्डेन्ट  (खाजोकु ताईजाइ) वा आधिकारिक बसोबास योग्यता (कोउयोउ जाइर्यु सिखाकु) भिसा स्थितिको कारणले गर्दा, छात्रवृत्ति वा समर्थन प्राप्त गर्न कठिनाइ भएका विद्यार्थीहरू

・ जो एक वर्षको क्यारियर कार्यक्रममा सबैदिन उपस्थित हुन सक्ने विद्यार्थीहरू

・2022साल  अप्रिल 1 तारिख अनुसार, उच्च शिक्षा संस्थाहरूमा परीक्षा दिन योजना बनाइरहेका हाई स्कूल दोस्रो वर्षका विद्यार्थीहरू अथवा सो बराबरको विद्यार्थीहरू

・तपाईको घरपरिवारको आय (बुवाआमा आदि  र अन्य हेरचाहकर्ताहरू) को कुल आय वा कुल आय निश्चित मानक रकमभन्दा कम वा सो बराबर हुनुपर्छ।

यदि तपाईसँग तलब आय र पेन्सन आय भएको खण्डमा,  तलको तालिका ❶ मा आधारित कुल आय निश्चित मानक रकम भन्दा कम वा सो बराबर हुनुपर्छ। यदि तपाईसँग व्यवसाय आय वा विविध आय भएको खण्डमा, तलको तालिका ❷ मा आधारित कुल आय रकम निश्चित मानक रकमभन्दा कम  वा सो बराबर छ भने तपाई योग्य हुनुहुनेछ। आयको आधारको रूपमा, पछिल्लो विशेष नगरपालिका कर・सिटि करको कर भुक्तानी प्रमाणपत्रको जाँच गरिन्छ।  यदि तपाईसँग आधिकारिक बसोबास योग्यता (कोउयोउ जाइर्यु सिखाकु) छ र कर तिर्न बाध्य छैन भने, कृपया तपाईको रोजगारदाताबाट आयको प्रमाण पेश गर्नुहोस्। थप रूपमा, नयाँ कोरोनाभाइरस संक्रामक रोगहरू इत्यादिको फैलावटका कारण 2021सालमा तीव्र रूपमा आय घटेका परिवारहरूको लागि, तपाईको तलबको प्रमाणपत्र (salary certi

ficate), वार्षिक आय प्रमाणपत्र ( गेनसेनच्योउस्यु-ह्यो )आदिको वार्षिक आय पुष्टि हुने कागजातहरू पेश गर्नुहोस्।

तालिका ❶ कुल आय / तलब आय र पेन्सन आय (वार्षिक)

| घरपरिवारको संख्या | 1जना | 2जना | 3जना | 4जना | 5जना | 6जना |
|---|---|---|---|---|---|---|
| सामान्य | 1, 797, 000येन | 2, 717, 000येन | 3, 343, 000येन | 3, 864, 000येन | 4, 415, 000येन | 4, 983, 000येन |
| एकल अभिभावक | 1, 797, 000येन | 3, 018, 000येन | 3, 788, 000येन | 4, 415, 000येन | 4, 832, 000येन | 5, 412, 000येन |

तालिका ❷ कुल आय / व्यापार आय, आदि (वार्षिक)

| घरपरिवारको संख्या | 1जना | 2जना | 3जना | 4जना | 5जना | 6जना |
|---|---|---|---|---|---|---|
| सामान्य | 1, 078, 000येन | 1, 722, 000येन | 2, 160, 000येन | 2, 551, 000येन | 2, 992, 000येन | 3, 446, 000येन |
| एकल अभिभावक | 1, 078, 000येन | 1, 933, 000येन | 2, 850, 000येन | 2, 992, 000येन | 3, 325, 000येन | 3, 789, 000येन |

**【सामग्री】**

(1) एक वर्षको क्यारियर कार्यक्रम प्रदान गरिन्छ।

मिति पक्का हुने बित्तिकै तपाईलाई अलगै कागजमा सूचित गरिनेछ, तर मूल रूपमा हामी महिनाको दोस्रो आइतवार योजना गर्दैछौं।

| मिति | सामग्री |
|---|---|
| 2022/4 | तपाईको आकांक्षा आदानप्रदान ग<br><br>र्नुहोस्, हालको अवस्था जान्ने, कोउकोउ दोस्रो वर्ष कसरी बिताउने भनी सोच्ने वर्कसप @ अनलाइन |
| 2022/5 | Money literacy / पैसा साक्षरता भन्ने सिक्ने वर्कसप @ अनलाइन |
| 2022/6 | जानकारीहरू कसरी सङ्कलन गर्ने भनी सिक्ने वर्कसप @ अनलाइन |
| 2022/7 | मिराई च्यालेन्ज कार्यक्रम पूर्व अध्ययन/pre-learning बैठक @अनलाइन |
| 2022/8 | मिराई च्यालेन्ज कार्यक्रम@होक्काइडो |

| | |
|---|---|
| 2022/9 | Role model① (विश्वविद्यालयमा प्रवेश गरेका सेनपाईहरू/Seniors) सँग आदानप्रदान @ अनलाइन |
| 2022/10 | मिराई च्यालेन्ज कार्यक्रम पोस्ट-अध्ययन/post-learning बैठक @अनलाइन |
| 2022/11 | Role model② (सेन्मोन गाक्कोउ/Vocational School प्रवेश गरेका सेनपाईहरू/Seniors) सँग आदानप्रदान @ अनलाइन |
| 2022/12 | आदानप्रदान बैठक@टोकियो शहर भित्र |
| 2023/1 | Role model③ (उद्यमी सेनपाईहरू/Seniors Entrepreneur) सँग आदानप्रदान @ अनलाइन |
| 2023/2 | क्यारियर गाइडान्स@अनलाइन |
| 2023/3 | मिराई च्यालेन्ज कार्यक्रम पोस्ट-अध्ययन/ post-learningबैठक ②@अनलाइन<br>कोउकोउ तेस्रो वर्षको आकांक्षा सहित, प्रवेश परीक्षा सम्मको तालिका बनाउने वर्कसप @ अनलाइन |
| 2022/5～<br>2023/3 | ठोस जापानी भाषा प्रवीणता र आधारभूत शैक्षिक सीपहरू स्थापना गर्न वर्षभरि उपलब्ध गराइने अध्ययन समर्थन। |
| 2023/4～ | उपयुक्त रूपमा क्यारियर परामर्श, छात्रवृत्तिको खोज र आवेदन दिनेहरूलाई समर्थन |

(सावधानी ) 1 「मिराई च्यालेन्ज कार्यक्रम」भन्नाले होक्काइडोमा एक प्रशिक्षण शिविर कार्यक्रम छ। गर्मीमा होक्काइडोमा आयोजित प्रशिक्षण शिविरको अतिरिक्त, एउटा पूर्व-अध्ययन/pre-learning र दुईवटा पोस्ट-अध्ययन/post-learning कार्यक्रम हुनेछ।

（2）एक वर्षको क्यारियर कार्यक्रममा भाग लिनेहरूको लागि, हामी निम्न दुईवटा उद्देश्यहरूको लागि कोष प्रदान गर्नेछौं। (अधिकतम सिमा 10मान येन हो।)

①उच्च शिक्षा संस्थाको परीक्षा शुल्क

②परीक्षा सम्बन्धी यातायात र आवास खर्च

③ तपाईंले प्रवेश गर्न चाहनु भएको विश्वविद्यालयको लागि प्रवेश शुल्कको एक भाग

（3）उच्च शिक्षा संस्थामा परीक्षा दिनको लागि आवश्यक निबन्ध लेखन/Essay writing क्षमता र आधारभूत शैक्षिक क्षमताको सुधार गर्न अनलाइनबाट सिकाइनेछ। यो समर्थन हामी हप्तामा एक पटक निःशुल्क प्रदान गर्नेछौं।

**【भर्ना हुने नम्बर】**

・करिब ५ जना

**【चयन विधि】**

・यस् संस्थाको निर्देशक र इन्चार्ज संयोजक, सरोकारवालाहरूद्वारा मौखिक अन्तर्वार्ता

**【आवेदन दिने स्थान】**

・कृपया Googleफारम प्रयोग गरी आवेदन दिनुहोस्।

आवेदन दिनुभएका व्यक्तिहरूको लागि कागजातहरू कहाँ र कसरी पेश गर्ने भनेर हामी तपाईंहरूलाई व्यक्तिगत रूपमा इ–मेलद्वारा सूचित गर्नेछौं।

**【आवेदन समय सीमा】**

・मंगलबार, मार्च १५, २०२२